काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

Kankrebihar National Daily

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १४६ ❐ सोमवार, २५ फागुन, २०८२ ❐ Monday, 9 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीमा पुराना दललाई उछिन्दै रास्वपाको ऐतिहासिक प्रवेश

जसले गर्दैछन् संसदमा प्रतिनिधित्व

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २४ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत कर्णालीमा १२ निर्वाचन क्षेत्र छन् । जसमध्ये सबै निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ । सार्वजनिक मतपरिणाम अनुसार १२ निर्वाचन क्षेत्रमध्ये नेपाली कांग्रेस ५ सिट जित्दै कर्णालीबाट प्रतिनिधिसभा संसदमा प्रतिनिधित्व गर्ने पहिलो दल बनेको छ । यस्तै नेपाली कम्युनिष्ट पार्टीले ४ सिट जितेको छ । भने नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समान १/१ सिट जितेका छन् । अन्तिम मतपरिणाम सार्वजनिक भएका १२ निर्वाचन क्षेत्रमध्ये मुगु, हुम्ला, दैलेख-१, जाजरकोट र सुर्खेत-१ मा कांग्रेसले जित हात पारेको छ । भने नेकपाले रुकुमपश्चिम, सल्यान, कालिकोट र डोल्पामा जितेको छ । यस्तै रास्वपाले सुर्खेत-२, राप्रपाले जुम्ला र एमालेले दैलेख-२ बाट खाता खोलेका छन् ।

उम्मेदवारहरुले प्रतिनिधिसभा सदस्यमा जित हासिल गर्दै आफ्नो राजनीतिक यात्रामा अर्को उपलब्धि थपेका हुन् । यसरी विजयी भएका उम्मेदवारहरूले आ-आफ्नो राजनीतिक जीवनमा नयाँ अध्याय थप्दै प्रतिनिधिसभामा कर्णालीको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका छन् । विजयी भएका उम्मेदवारहरूले आ-आफ्नो राजनीतिक यात्रामा नयाँ इतिहाँस पनि लेखाएका छन् । पहिलो पटक संसद् यात्रा तय गर्नेदेखि ह्याट्रिक जित निकाल्ने सम्मका उपलब्धिसहित उनीहरूले आ-आफ्नो क्षेत्रमा इतिहास रचेका हुन् ।

पोखरेलको दोस्रो पटक संसद यात्रा



२०७९ को प्रतिनिधिसभा निर्वाचनमा शुन्य बनेको नेकपा एमालेले यस पटक कर्णालीबाट खाता खोलेको छ । दैलेख निर्वाचन क्षेत्र नम्बर २ मा एमालेका लक्ष्मीप्रसाद पोखरेल निर्वाचित भएका हुन् । उनी यसअघि पनि प्रतिनिधिसभामा निर्वाचित उम्मेदवार हुन् ।

पोखरेल १३ हजार ८ सय ८९ मतसहित निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी कांग्रेस उम्मेदवार दिक्पालकुमार शाही ६ हजार ७ सय ९७ मतमा सीमित भए । शाही २०७९ को निर्वाचनमा विजयी भएका थिए । यस्तै रास्वपाका बखतबहादुर शाहीले ६ हजार ७ सय ९७ मत मात्रै प्राप्त गरेका छन् ।

सापकोटाको चमत्कारीक जित



सुर्खेत क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार रमेशकुमार सापकोटाले चमत्कारीक जित निकालेका छन् । पहिलो पटक निर्वाचन लडेका उनले कांग्रेस, एमाले जस्तो बलियो दलका उम्मेदवारलाई भारी मतले पराजित गरेका हुन ।

सापकोटाले ३० हजार ८ सय २६ मत ल्याएर विजयी हुदाँ उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका नारायणकुमार कोइरालाले १६ हजार ३ सय ९२ मत ल्याए । भने एमालेका कुलमणि देवकोटाले १३ हजार १ सय ५५ मत मात्रै प्राप्त गरे । रास्वपाबाट कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्रमध्येमा निर्वाचित हुने सापकोटा एकमात्र उम्मेदवार पनि हुन् । सल्यानबाहेक अन्य क्षेत्रमा रास्वपा दोस्रो स्थानमा समेत आएको छैन । संसदीय यात्रामा रास्वपाबाट प्रत्यक्षतर्फ चुनाव जितेर कर्णालीबाट प्रतिनिधिसभा प्रवेश गर्ने सापकोटा पहिलो व्यक्ति हुन् । उनी रास्वपा सुर्खेत जिल्ला सभापति समेत हुन् । सुर्खेत नेकपा एमाले र नेपाली कांग्रेसको बलियो किल्ला मानिन्छ । यहीँबाट कांग्रेसका नेताहरू पार्टीको शीर्ष स्थानमा मात्र नभई संसदीय राजनीतिमा पनि हाबी हुँदै आएका थिए । पूर्णबहादुर खड्काले कांग्रेसको कार्यवाहक सभापति हुँदै दर्जनौँ साना-ठुला मन्त्रालयको नेतृत्व गरिसकेका छन् । हृदयराम थानी, शिवराज जोशी जस्ता प्रभावशाली नेताहरू पनि केन्द्रमै मन्त्री भइसकेका छन् । यता, एमालेभित्र यामलाल कँडेल हाल केन्द्रीय सचिव र कर्णाली प्रदेशका मुख्यमन्त्री छन् भने नवराज रावत स्वास्थ्य राज्यमन्त्रीसम्म बनेका थिए । सुर्खेतका दुवै निर्वाचन क्षेत्रमा २०४८ सालदेखि यिनै दुई दलबिच कडा प्रतिस्पर्धा हुँदै आएको थियो। कहिले एमालेले त कहिले कांग्रेसले चुनाव जित्ने गरेका थिए । सशस्त्र युद्धबाट आएको नेकपा माओवादी केन्द्र यहाँ तुलनात्मक रूपमा कमजोर छ । २०६४ सालको संविधानसभा निर्वाचनमा तीन क्षेत्र हुँदा एउटा सिट जिते पनि त्यसपछि माओवादीले यहाँ सफलता हात पार्न सकेको छैन । तर, यसपटकको प्रतिनिधिसभा निर्वाचनमा यी पुराना र स्थापित दलहरूलाई चकित पार्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय भएको छ ।

सुर्खेत क्षेत्र नम्बर २ बाट रास्वपाका उम्मेदवार रमेशकुमार सापकोटा अत्यधिक मतका साथ विजयी भएका हुन् । दुईवटा निर्वाचन क्षेत्र रहेको सुर्खेत-२ राजनीतिको केन्द्रबिन्दु हो । प्रदेश राजधानी वीरेन्द्रनगरसहित पश्चिमका पञ्चपुरी नगरपालिका, बराहताल र चौकुने गाउँपालिका यसै क्षेत्रमा पर्छन् । जहाँ राजधानी वीरेन्द्रनगर विकासको अग्रस्थानमा छ, त्यहीँ पश्चिम क्षेत्र भने अझै पनि दुर्गमता र विकासको पर्खाइमा छ ।

दुई फरक जीवनशैली र अवस्था रहेको यस क्षेत्रका नागरिकले नयाँ दललाई अनुमोदन गर्लान् भन्ने कांग्रेस-एमालेले कल्पनासम्म गरेका थिएनन् किनकि, वडादेखि केन्द्रसम्मै यहाँ यिनै दुई दलका प्रतिनिधिहरूको बाहुल्यता छ । र उनीहरूका आफ्नै बलिया कोर एरियाहरू छन् । तर, रास्वपाका सापकोटाले आश्चर्यजनक रूपमा जित निकालेपछि सबैतिर चर्चा भएको छ । यही क्षेत्रबाट एमालेले मुख्यमन्त्री पाएको छ, भने वीरेन्द्रनगरको प्रमुख र उपप्रमुख पनि एमालेकै छन् । भने चुनाव जितेका रमेशलाई कांग्रेस र एमालले प्रतिस्पर्धी नै ठानेका थिएनन् ।

ज्ञानबहादुरको ऐतिहासिक जित



जुम्लाबाट राप्रपाका ज्ञानबहादुर शाहीले प्रतिनिधिसभा सदस्यमा दोस्रो पटक जित हाँसिल गरेका छन् । २०७९ सालमा निर्वाचित शाही पुनः दोस्रो पटक चुनाव जित्नु सफल भएका हुन् । विगतमा प्रतिनिधिसभा सदस्य नदोहोऱ्याउने जुम्लाले यस पटक भने सांसदमा शाहीलाई दोहोऱ्याएको छ । जुम्लामा शाहीले इतिहास रचेका छन् । दुई पटक लगातार प्रतिनिधि सभा सदस्यमा विजय प्राप्त गर्दै शाहीले इतिहास आफ्नो पोल्टामा पारेका हुन् । जुम्लामा २०५६ देखि २०७९ सम्मको निर्वाचनमा एक पटक भन्दा कोहि पनि सांसद दोहोरिएका छैनन् । शाहीले १४ हजार ८ सय १६ मत प्राप्त गर्दै विजयी हुदाँ निकटतम प्रतिद्वन्द्वी नेकपाका उम्मेदवार नरेश भण्डारीले ११ हजार ६ सय ३५ मत प्राप्त गरे । ०७९ मा २२ हजार ८ सय १९ मत पाएका शाहीले दोस्रो पटक १४ हजार ८ सय १६ मत प्राप्त गर्न सफल भए । कांग्रेसका दीपबहादुर शाहीले ७ हजार १ सय ४३, एमालेका शान्तिलाल महतले ४ हजार ५ सय १८ र रास्वपाकी विनिता कठायतले ४ सय २१ मत प्राप्त गरेका छन् ।

निर्वाचित ५ कांग्रेस सांसद



कर्णालीमा कांग्रेसले जितेका ५ निर्वाचन क्षेत्रमध्ये सुर्खेत निर्वाचन क्षेत्र नम्बर १ बाट नेपाली कांग्रेसका उम्मेदवार विष्णुबहादुर खड्का विजयी भए । उनी नेकपा एमालेका उम्मेदवार ध्रुवबहादुर शाहीलाई पराजित गर्दै प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका हुन् ।

खड्का २६ हजार ८ सय ९७ मतसहित विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी शाहीले १८ हजार ८ सय ९० मत प्राप्त गरे । सुर्खेत-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार टेकबहादुर सिंह ठकुरीले १४ हजार ७ सय २ ९ मत प्राप्त गरे । यस्तै नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार जितबहादुर रानाले दुई हजार ८ सय २८ मत र राष्ट्रिय प्रजातन्त्र पार्टीका रवि हमाल ठुकरीले एक हजार ४९ मत प्राप्त गरेका छन् ।

यस्तै, ४५ वर्षीया कांग्रेस नेतृ बासना थापा पहिलो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी छन् । दैलेख निर्वाचन क्षेत्र-१ मा नेपाली कांग्रेसबाट उम्मेदवार बासनाले पहिलो पटक प्रतिनिधिसभाको यात्रा तय गरेकी हुन् । आफ्ना निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का रवीन्द्रराज शर्मालाई ५ सय ७६ मतान्तरले पराजित गर्दै बासना विजयी भएकी हुन् ।

बासनाले १२ हजार ३ सय ७२ मत प्राप्त गर्दा शर्माले ११ हजार ७ सय ९६ मत प्राप्त गरे । यस्तै रास्वपाका नन्दकिशोर बस्नेतले ७ हजार ८ सउय ९४ मत बाँकी पृष्ठ ४

नेकपाले जितेका ४ क्षेत्र



कर्णालीमा नेकपाले जितेका ४ निर्वाचन क्षेत्रमध्ये कालिकोटबाट कर्णाली प्रदेशका पूर्व मुख्यमन्त्री समेत रहनुभएका नेकपा नेता महेन्द्रबहादुर शाही विजयी भएका छन् । यस पटकको निर्वाचनमा विजयी भएसँगै उनी प्रतिनिधिसभा सदस्यका लागि ह्याट्रिक जित निकाल्न सफल भएका हुन् । तर उनले संसदीय यात्रा भने यो चौथो पटक हो ।

यसअघि २०७४ मा कर्णाली प्रदेश सभा सदस्यमा उनी निर्वाचित भएका थिए । शाहीले कुल ११ हजार ३ सय ३८ मतसहित चुनाव जित्दा उनका निकटतम प्रतिद्धोन्दी एमालेका नगीन्द्रबहादुर शाही 'नेशनल' ले १० हजार ३ सय ५२ मत प्राप्त गरे ।

कांग्रेसका हर्षबहादुर बमले ७ हजार १ सय ३३ मत पाउँदा विप्लव नेतृत्वको माओवादीबाट उम्मेदवार बनेका महेन्द्रका पूर्व सहकर्मी नेता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' चौथोमा सीमित बने । उनले ४ हजार ५ सय ९९ मत ल्याएर आफूभन्दा जुनिएर नेतासँग प्रतिस्पर्धा मै आउन नसकी लज्जास्पद हार व्यहोर्नुपरेको छ ।

यस्तै, रूकुम पश्चिममा जनार्दन शर्माको जीतको यात्रामा ब्रेक लगाउँदै गोपाल शर्मा विजयी भएका छन् । नेकपाका उम्मेदवार गोपालले २१ हजार ६ सय ९ मत ल्याउदाँ जनार्दनले भने नेकपा एमालेसँग गठबन्धन गर्दा पनि तोस्रो स्थानमा चित्त बुझाउनु परेको छ । उनले १४ हजार ३ सय ४६ मत मात्रै प्राप्त गरे । उनी भन्दा अगाडि १६ बाँकी पृष्ठ ४

जाँचबुझ आयोगले प्रधानमन्त्रीलाई बुझायो प्रतिवेदन

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २४ फागुन

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका विषयमा जाँचबुझ गर्न गठित न्यायिक आयोगले आज आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोजित एक कार्यक्रममा आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएका हुन् । कार्यक्रममा मन्त्रीहरू, मुख्यसचिव, आयोगका पदाधिकारीलगायतको उपस्थिति थियो । प्रतिवेदन बुझाउन अध्यक्ष कार्की, सदस्य विज्ञानराज शर्मा र कानुनविज्ञ विश्वेश्वर भण्डारीसहितको टोली प्रधानमन्त्री कार्यालयमा पुगेको थियो । प्रतिवेदन बुझ्दै प्रधानमन्त्री कार्कीले प्रतिवेदन आंशिक रुपमा सार्वजनिक गर्ने बताएकी छन् । 'प्रतिवेदनको सबै विवरण सुरक्षा र अन्य कारणले सार्वजनिक गर्न नसकिए पनि निचोड चाँही सार्वजनिक गर्ने छौं,' प्रधानमन्त्री कार्कीको भनाई उद्धृत गर्दै उनका प्रेस सल्लाहकार रामबहादुर रावलले नेपालखबरसँग भने, 'यो अत्यन्तै महत्वपूर्ण प्रतिवेदन हो । यसमा धेरै मेहनत परेको छ । हामी यसको कार्यान्वयन गर्ने छौं ।'

त्यसक्रममा कार्कीले न्याय र कानुनको क्षेत्रमा लामो समय काम गरेका दिग्गज व्यक्तिहरूले तयार गरेको डकुमेन्टले जेनजी आन्दोलनमा भएको बल प्रयोगलाई दुधको दुध-पानीको पानी हुनेगरि समेटेको विश्वाससमेत व्यक्त गरेकी छन् ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएका दमन, हिंसा र तोडफोडका घटना जाँचबुझ गर्न गठित आयोगले प्रतिवेदन साढे पाँच महिना लगाएर तयार गरेको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको हो । यो प्रतिवेदन अब मन्त्रिपरिषद्मा लगिने र त्यसपछि मात्र कार्यान्वयनमा लगिने रावलले जानकारी दिए । जेनजी आन्दोलनमा भएका घटना छानबिनका लागि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गत असोज ५ गते ३ सदस्यीय आयोग गठन गरेको थियो । सुरुमा तीन महिनाभित्र प्रतिवेदन बुझाउन भनिए पनि आयोगले काम नसकेको भन्दै पटकपटक समय थपिएको थियो । तेस्रोपटक माघ २९ गते २५ दिन म्याद थप गरिएको थियो । आयोगले जाँचबुझको काम सके पनि निर्वाचन बिथोलिने डरको कारण सरकारले प्रतिवेदन बुझ्ने काम चुनाव पछिका लागि धकेलेको थियो । जेनजी आन्दोलनका क्रममा ७६ जनाको ज्यान गएको थियो । तीमध्ये ४५ जनालाई सरकारले सहिद घोषणा गरेको छ । जाँचबुझ आयोगले जेनजी आन्दोलनमा दमन गरेको आरोप लागेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखकलगायतसँग बयान लिएको थियो ।

निर्वाचन सम्पन्न हुनु नै नेपाली जनता र राष्ट्रको जित होः प्रधानमन्त्री

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २४ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न हुनु नेपाली जनता, संविधान र राष्ट्रको जित भएको बताएकी छन् ।

अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा आइतबार सिंहदरबारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले विशेष अवस्थामा प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु ठूलो उपलब्धी भएको र नेपाली जनता, संविधान र राष्ट्रको जित भएको बताएकी
हुन् । निर्वाचन सम्पन्न गरेर शान्तिपूर्ण, लोकतान्त्रिक र संवैधानिक निकास दिन सकेको उनले बताइन् । प्रधानमन्त्री कार्कीले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न योगदान गर्नेप्रति आभार प्रकट समेत गरिन् ।

लोकतन्त्रमा मतपत्र केवल कागजको टुक्रा नभइ नागरिकको आत्मसम्मानको प्रतीक भएको उनले बताइन् ।

उनले एकपटक प्राप्त गरेको जनादेश सधैँका लागि स्थायी हुँदैन भन्ने कुरा निर्वाचित जनप्रतिनिधिहरुले हेक्का राख्नुपर्ने धारणा राखिन् ।

कानुनी रूपमा जनादेशको अवधि पाँच वर्षको भए पनि यसको नैतिक वैधता प्रत्येक क्षणमा जनताको विश्वासबाट पुनः अनुमोदित हुँदै जानुपर्ने उनको भनाइ छ ।

प्रधानमन्त्री कार्कीले संविधानले महिला अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको र पछिल्ला दशकमा राज्यका विभिन्न संरचनामा महिला सहभागिता उल्लेखनीय रूपमा बढेको उल्लेख गरिन् ।

अझै पनि महिलाहरू विभेद, असमान अवसर, लैङ्गिक हिंसा र संस्कृतिजन्य असमानताबाट मुक्त हुन नसकेकाले महिलाहरू अधिकारका लागि अझ दृढताका साथ अघि बढ्नुपर्ने उनले बताए ।

उनले महिलाले सम्मान, सुरक्षा र समान अवसर प्राप्त गर्न समेत मात्रै लोकतन्त्र सुदृढ हुने समेत बताइन् ।

२३ वर्षमै प्रधानपञ्च, अहिले फेरि सांसद



❐ काँक्रेविहार संवाददाता

कैलाली, २४ फागुन

डोटीबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका भरतबहादुर खड्का निर्वाचित भएका छन् । लामो समयदेखि डोटीको राजनीति र जनप्रतिनिधि बनेर सक्रिय भएका खड्का यस पटकको निर्वाचनमा प्रतिस्पर्धी उम्मेदवारलाई पछि पार्दै संसद पुग्न सफल भएका हुन् । पूर्वीचौकी गाउँपालिका-१ फुलौट, डोटीका स्थायी बासिन्दा खड्काको जन्म साविक खिरसैन गाविसमा २०१४ सालमा भएको हो । उनले आफ्नो राजनीतिक यात्रा विद्यार्थी जीवनबाट सुरु गरेका थिए । २०३६ सालको जनमतसंग्रहका बेला उनले बहुदलको पक्षमा प्रचारप्रसार बाँकी पृष्ठ ४

विद्रोह गर्दै संसदीय यात्रामा पुगेका हरिमोहन

❐ काँक्रेविहार संवाददाता

बैतडी, २४ फागुन

बैतडीबाट ५९ वर्षीय रास्वपका नेता हरिमोहन भण्डारीले २२ हजार १ सय ३४ मतले प्रतिनिधि सभा सदस्यमा निर्वाचित भए । ३ हजार ९ सय ४० मतले उनले चुनाव जितेका हुन् । निर्वाचित भएपछि भण्डारीले आफू बैतडीको माटोको छोरा भएको र अबको राजनीति विशुद्ध समाजसेवा र विकासमा केन्द्रित हुने बताएका छन् । २०२३ साल भदौ २४ गते बैतडीको पाटनस्थित भण्डारीगाउँमा जन्मिएका हरिमोहनको पारिवारिक पृष्ठभूमि राजनीतिक छ । उनका बुवा स्वर्गीय लक्ष्मण सिंह भण्डारी पञ्चायतकालका प्रधानपञ्च तथा नेपाली कांग्रेसका नेता थिए । उनका एक भाइ नेपाल प्रहरीमा एआईजी छन् भने



दुई दिदीबहिनी र दुई छोरी छन् ।

काठमाडौंको आरआर क्याम्पसबाट स्नातक गरेका हरिमोहनले १५-१६ वटा देशको भ्रमण गरिसकेका छन् । उनी आफूलाई राजनीतिज्ञभन्दा पनि सामाजिक अभियन्ता र बैतडीको संस्कृति तथा संस्कार बुझेको व्यक्तिका रूपमा चिनाउन रुचाउँछन् । हरिमोहनको राजनीतिक यात्रा नेपाली कांग्रेसबाट सुरु भएको थियो । उनी तीन पटक कांग्रेसको महासमिति सदस्य भइसकेका थिए । तर, पार्टीले टिकट दिएर पनि खोसेपछि उनले विद्रोह गरेका थिए । २०७४ मा कांग्रेसबाटै र २०७९ को निर्वाचनमा उनले प्रदेश सभामा स्वतन्त्र उम्मेदवारी दिएका थिए। दुई पटक प्रदेश सभामा उनले हार व्यहोरे। २०७९ मा स्वतन्त्र लड्दा थोरै मतान्तरले पराजित भए पनि उनले ११ हजारभन्दा बढी मत ल्याएका थिए । पछिल्लो समय देशमा परिवर्तन आवश्यक ठानेर र रवि लामिछाने तथा बालेन शाह जस्ता नयाँ अनुहारहरूको उदयसँगै उनी आफ्नो स्वतन्त्र टिमसहित रास्वपामा प्रवेश गरेका हुन् ।

सम्पादकीय

लोकतान्त्रिक प्रक्रियाका विजेतालाई बधाई !

नेपालमा प्रतिनिधिसभा निर्वाचन स्वच्छ, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ । प्रत्यक्षतर्फका अधिकांश निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएसँगै देशभर राजनीतिक समीकरण र आगामी सरकार गठनबारे व्यापक चासो देखिएको छ । लोकतान्त्रिक प्रणालीमा जनमतको सम्मान सर्वोपरि हुन्छ । त्यसैले निर्वाचनमार्फत जनताले दिएको मतलाई स्वीकार गर्दै विजयी सबै उम्मेदवारहरूलाई बधाई दिनु लोकतान्त्रिक संस्कृतिको महत्वपूर्ण पक्ष हो। । यस पटकको निर्वाचनले नेपाली राजनीतिमा केही नयाँ संकेतहरू पनि दिएको छ । केही क्षेत्रमा नयाँ शक्ति उदाएका छन् भने कतिपय पुराना दलले अपेक्षाभन्दा कम सफलता पाएका छन् । जनताको मतले राजनीतिक दल र नेताहरूलाई आफ्नो कार्यशैली र नीतिमा पुनर्विचार गर्न प्रेरित गरेको स्पष्ट देखिन्छ । चुनावी परिणाम केवल जित-हारको विषय मात्र होइन, यो जनताको विश्वास र अपेक्षाको प्रतिबिम्ब पनि हो ।

कर्णाली प्रदेशमा प्रतिनिधिसभा सदस्यका लागि १२ निर्वाचन क्षेत्र रहेका छन् । सार्वजनिक नतिजाअनुसार नेपाली कांग्रेस ५ र नेपाली कम्युनिष्ट पार्टीले समान ४ सिट जितेका छन् । भने नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समान १-१ सिट जितेका छन् । कांग्रेसले मुगु, हुम्ला, दैलेख-१, जाजरकोट र सुर्खेत-१ मा विजय हासिल गरेको छ । यी क्षेत्रमा विजयी उम्मेदवारहरूले स्थानीय जनताको विश्वास जित्दै संघीय संसद्मा कर्णालीको आवाज उठाउने अवसर प्राप्त गरेका छन् । विशेष गरी दैलेख-१ बाट कांग्रेस नेतृ बासना थापाको जितलाई नयाँ पुस्ताको नेतृत्व उदाएको संकेतका रूपमा हेरिएको छ । त्यस्तै नेकपाले रूकुम पश्चिम, सल्यान, कालिकोट र डोल्पामा विजय हासिल गर्दै आफ्नो प्रभाव कायम राखेको छ । कालिकोटबाट महेन्द्रबहादुर शाहीको जितले उहाँको राजनीतिक प्रभाव अझै बलियो रहेको संकेत दिएको छ । रूकुम पश्चिममा गोपाल शर्माले बलिया प्रतिस्पर्धीहरूलाई पछि पार्दै विजय हासिल गर्नु पनि उल्लेखनीय घटना बनेको छ । सुर्खेत-२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका रमेशकुमार सापकोटाको फराकिलो मतान्तरसहितको जितले कर्णालीमा नयाँ राजनीतिक शक्ति प्रवेश गरेको संकेत दिएको छ । कर्णालीबाट रास्वपाका तर्फबाट प्रत्यक्षतर्फ प्रतिनिधिसभामा प्रवेश गर्ने उनी पहिलो नेता बनेका छन् । यसले आगामी दिनमा नयाँ राजनीतिक शक्ति विस्तारको सम्भावनालाई पनि उजागर गरेको छ । त्यसैगरी दैलेख-२ बाट नेकपा एमालेका लक्ष्मीप्रसाद पोखरेल विजयी हुँदै पार्टीले कर्णालीमा आफ्नो खाता खोलेको छ । जुम्लाबाट राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीले लगातार दोस्रो पटक जित हासिल गर्दै स्थानीय राजनीतिक इतिहासमा नयाँ अध्याय थपेका छन् ।

निर्वाचन परिणामले देखाएको अर्को महत्वपूर्ण पक्ष भनेको जनताले विकास, सुशासन र उत्तरदायित्वप्रति बढी सचेत हुँदै मतदान गरेको तथ्य हो । कर्णाली जस्तो भौगोलिक रूपमा विकट र विकासका दृष्टिले पछाडि परेको प्रदेशका नागरिकहरूले आफ्नो प्रतिनिधिबाट ठोस कामको अपेक्षा गरेका छन् । त्यसैले अब निर्वाचित प्रतिनिधिहरूले चुनावी प्रतिस्पर्धालाई पछाडि राख्दै जनताको भरोसा पूरा गर्ने जिम्मेवारी बहन गर्नुपर्छ । लोकतन्त्रमा निर्वाचन केवल सरकार गठनको माध्यम मात्र होइन, यो जनताको आवाज सुन्ने र त्यसअनुसार नीति निर्माण गर्ने प्रक्रिया पनि हो । त्यसैले विजयी उम्मेदवारहरूले दलगत स्वार्थभन्दा माथि उठेर समग्र कर्णाली र देशको हितलाई प्राथमिकता दिन आवश्यक छ । विकास, सुशासन, पारदर्शिता र जनसेवामुखी कार्यमार्फत जनताको विश्वास कायम राख्नु नै अबको मुख्य चुनौती हो । त्यसैले लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउँदै मतदान गर्ने मतदाता, चुनावलाई शान्तिपूर्ण बनाउन सहयोग गर्ने सबै पक्ष तथा विजयी उम्मेदवारहरूलाई हार्दिक बधाई छ । जनताको अपेक्षा पूरा गर्ने जिम्मेवारी अब निर्वाचित प्रतिनिधिहरूको काँधमा आएको छ । यही विश्वासका साथ कर्णालीको समृद्धि र देशको लोकतान्त्रिक भविष्य अझ सुदृढ होस् भन्ने हाम्रो सम्पादकीय टिम कामना गर्दछ ।

सिन्डिकेटको सटरमा जनताको ताल्चा !



संकेत कोइराला

> *सोच्ने एउटा, बोल्ने अर्को र गर्ने झन् अलग कर्मले हरेक नेताको इतिहास बिटुलियो। राज्यमा स्थापित अनुत्तरदायी शासन प्रणालीका कारण हरेक सरकार चटकेजस्तै जोक्कर बन्दै गए।*

केपी ओली, शेरबहादुर देउवा, प्रचण्ड र माधव नेपालले पेट्रोल पम्प खोल्ने निधो गरेछन् । आश्चर्य, एउटा पनि गाडी तेल भर्न आएनन् । किन यस्तो अचम्म भयो भनेर खोज्दै जाँदा बल्ल रहस्य खुल्यो- उनीहरुले घरको एकतलामाथि पो पम्प खोलेका रहेछन् ।

लौ, पेट्रोल पम्प फापेन भनेर त्यही ठाउँमा रेष्टुरेन्ट खोलियो । त्यसपछि पनि अहँ, चरोमुसो छिर्दैन । त्यहाँ पनि के फसाद परेछ भने पेट्रोल पम्पको ठाउँमा रेष्टुरेन्ट त खुल्यो, तर साइनबोर्ड फेर्न बिर्सिएछ ।

अन्तिममा उनीहरुले ट्याक्सीमा आम्दानी देखेर ट्याक्सी किन्ने निधो गरेछन् । ग्राहकको खोजीमा त्यही ट्याक्सी चढेर उनीहरु शहर पसे । ट्याक्सीभरि मानिस देखेपछि कुनै यात्रुले रोकेनन् । समय घर्किएपछि मात्र तिनीहरुले बुझे- यात्रुले ट्याक्सी चढ्न त खाली हुनुपर्छ । यो चेत उनीहरुमा आउँदा बजारमा डिलक्स सुविधाका अरु ट्याक्सी आइसकेका थिए ।

यस्तै मुख्यार्इंमा नेताहरुले दशकौं बिताए । देशको राज्यप्रणालीमा बसेर प्रयोग, प्रयोग अनि फेरि पनि प्रयोगको घनचक्कर चलाइरहँदा अन्ततः ती दलका सारथीहरु आफू टेकेको जमिन भास्सिने अवस्थामा पुगेका छन् । नेपालमा भएका पटक पटकका राजनीतिक क्रान्ति ठट्टामा अनुवाद हुँदा नेताहरुमाथि प्रश्नका चाङ लाग्दै गए ।

कोही पोखरा, कोही महेन्द्रनगर त कोही झापा गन्तव्य पुग्ने स्वार्थ बोकेका नेताहरु सार्वजनिक खपत र पदीय स्वार्थका लागि एउटै गाडीमा यात्रा गर्दा यो अवस्था आएको बुझ्न कठिन छैन । मुग्लिन पुगेपछि गन्तव्यका लागि हुने छिनाझम्टी राजनीतिमा दशकौंदेखि छिमल्ने प्रयास नहुँदा ऐँजेरु बन्दै गयो ।

आगो लागेपछि बल्ल दमकल किन्न टिप्पणी उठाउने खरिदारी शैलीमा रमाइलो गर्ने प्रवृत्तिले राजनीतिक नेतृत्व पुस्तौनी पङ्गु बन्ने अध्याय रोकिएन । प्रणालीमा गर्नुपर्ने सुधारमा उनीहरु बेखबर भए । अरु त अरु आफ्नो सुरक्षा गर्ने सिपाही सात दशकअघिको कानुनबाट थिचिएको यथार्थले कहिल्यै पोलेन ।

सोच्ने एउटा, बोल्ने अर्को र गर्ने झन् अलग कर्मले हरेक नेताको इतिहास बिटुलियो । राज्यमा स्थापित अनुत्तरदायी शासन प्रणालीका कारण हरेक सरकार चटकेजस्तै जोक्कर बन्दै गए ।

स्वघोषित महाज्ञानी केपी ओली शैली नाम नभएर प्रवृत्ति हो । हिजो राजा ज्ञानेन्द्रलाई सत्ता ढल्ने अघिल्लो दिनसम्म पनि आफ्नो सरकार बज्रझैं लाग्थ्यो । नेपाल टेलिभिजनमा समाचार शैलीको वक्तव्य पढ्न पुग्थे । राज्यलाई च्यालेन्ज गरेर नेपाली राजनीतिको मैदानमा बहादुरीपूर्वक उत्रिएको सुप्रिमो 'प्रचण्ड मिसाइल' कटुवाल नामको एउटा मट्याङ्गासँग जुध्दा पहिलो ब्याटिङमै आउट भयो । चारगणले छेकेको सर्वशक्तिमान लोकप्रिय राजपरिवार रगतको पोखरीमा खरानी हुन्छ भन्ने छनक कसलाई थियो ? दीपेन्द्रको विवाह कारण बनाइनु त एउटा कुशल निर्देशकले सिनेमाभित्र जन्माएको पटकथा मात्रै हो ।

वेस्टमिनिस्टर सिस्टममा चलेको शासन व्यवस्था छ । बाघ संरक्षक समितिको अध्यक्ष, विश्वविद्यालयको कुलपतिदेखि चार दर्जन संस्थाको कार्यभार प्रधानमन्त्रीको काँधमा छ । प्रधानमन्त्री कार्यालयको संरचनात्मक ढाँचाको ज्ञान अपवाद बाहेक अरु सरकार प्रमुखलाई भएन । मन्त्रीले छानिसकेका प्रशासकको दुखीआत्माहरु प्रधानमन्त्री कार्यालयको उम्दा मेसिनरी भित्र पर्छन् । प्रधानमन्त्रीको दैनिकी कार्यालयमा विज्ञसँग नभएर अनुचरसँग बित्छ । ०४६ सालको लोकतन्त्रपछि देखिएको हुबहु अभ्यास यही हो । संवैधानिक-कूटनीतिक, सिपाही- संगठन प्रमुख, कार्यालय सहयोगी-मुख्यसचिवसम्मका पद हाताहाती फाइदाका साधन बनाइए । जनताले चुन्ने सार्वभौम पदका टिकट नेताको पँजनी र कमाइको साधन बन्यो । न्याय फुर्सदमा दिने चीज बनाइयो । अर्थशास्त्र मुखाग्र हुने तर चुलोको अर्थशास्त्र नबुझ्ने देश निर्माणका कथित इञ्जिनियरका कारण नेपालीको भाग्य मिलको फित्ता घुमेझैं गन्तव्यबिनाको चक्रव्यूहमा घुमेको दशकौं भयो ।

हजुरबादेखि नातिपुस्तासम्मले गरिबीको सारङ्गी पेट उदाहरण दिने इथियोपियामा फलेको बेसार वर्षमा १५ हजार किलो भित्रिन्छ । जोडी अङ्कको आर्थिक विकासमा पाइला टेकेको इथियोपियालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नल्याउने बहादुर नेपाली त्यतिबेला लज्जित हुनेछन, जतिबेला परिवार पाल्ने उपाय नभेटेर श्रम बेच्न इथियोपिया जाने भिसा लगाउन आफ्नै भूमिमा लाईन लाग्नुपर्ने दिन धेरै टाढा छैन ।

खानेतेलको गुणस्तरमा इतिहास बनाएको खोकनाका तेलमिल रुस र अष्ट्रेलियाबाट ल्याइएको तोरीले धानेको यथार्थले कतिको मुटु पोल्छ ? भक्तपुरको जुजु धौ घिटिक घिटिकको अवस्थामा रहेका बेला नेपाली बजारमा स्पेनबाट आयातीत दहीको तिर्खा बढ्दो छ । विश्वमा हतियार बेचेर खरबौं डलर भित्र्याउने अमेरिकाले झण्डै १७ लाख केजी भटमास नेपाली भान्सामा छिराएको सत्यलाई नेपालको कुन राजनीतिक कोर्समा ठाउँ पाउला ?

मकै बाली भित्र्याउने मौसम यो समयमा अर्जेन्टिनी मकैले बजारमा जमाएको दृश्य कृषि अर्थतन्त्रका लागि कसिङ्गर बनेर प्रकट भइरहेको छ । एलियन नै राज्यसत्तामा आएपनि हाम्रो अर्थतन्त्रमा राजश्वले धानेको आयतन १० खर्बको हाराहारीमा घुमेको छ । बाँकी त आन्तरिक र बाह्य ऋणकै भरमा सरकारको नीति तथा कार्यक्रम धानिदै आएको छ । महाभारतमा हेर्नुस त भीष्म, द्रोण, कर्ण सबै महान् थिए । तर उनीहरुको किन हार भयो ? त्यसको सहज उत्तर के हो भने महाभारतमा जित शक्तिको नभई सिद्धान्तको थियो । भीष्म शक्तिशाली थिए, तर सिंहासनमा रहेका गलत मानिस बोकेका थिए । द्रोण विद्वान थिए तर पक्षपातीसँग सहकार्य थियो । । कर्ण वीर थिए यद्यपि सत्यभन्दा बढी मित्रतालाई प्राथमिकता दिँदा दोषमुक्त भएनन् । महाभारतको सन्देश यो हो कि गलतसँग उभिएर कोही सही बन्न सक्दैन । इतिहास कर्म देख्छ, बहाना होइन ।

विषय सामान्य हो तर कैकेयीले कान भरेर रामको बनबास भो । सुपर्णखाले कान भर्दा रावण खर, दूषण मारिए । शकुनीले धृतराष्ट्रको कान भर्दा महाभारत युद्ध भयो । महारानी राजेन्द्रलक्ष्मीको कान भरेरै ३८ वर्षका बहादुर शाह खेदिए । कान भरेरै भीमसेन थापा पदच्यूत भएर नजरबन्दमा परे । महारानीको कान भर्दा कोतपर्व भयो । घमण्ड नगर्दा हुन्छ । एउटा सानो ढुङ्गाले मुखमा पुगिसकेको गाँस बाहिर निकालिदिन्छ । कर्मसँग न कागज छ, न कुनै किताब छ । तर उसले सारा संसारको हिसाब राख्छ । शास्त्र भन्छ- संसारमा चार ठाउँ समुद्र, मसानघाट, लोभको भाँडो र मान्छेको मन कहिल्यै भरिँदैन् ।

देश के हो ? यसको उत्तर शरणार्थीहरुलाई थाहा छ। दलाई लामासँग के छैन ? सबैथोक हुँदा पनि माटो नहुँदा उनको जीवन अपूर्ण छ । एक गिलास पानीको मूल्य कति हुन्छ ? मरुभूमिमा धापिएको व्यक्तिले भन्न सक्छ । मानिस आउनु जानु प्रक्रिया हो । मृत्युका अगाडि एक्लो सत्य भएर उभिन्छु भन्नु भ्रम शिवाय केही होइन ।

गल्ती गर्नु जति निरपराध हो, गल्ती दोहोऱ्याउनु अक्षम्य अपराध हो । खालखालका प्रयोगले देश छिद्र भइसक्यो । भो अब दाउपेच बन्द गरौं । धेरै हदसम्म देश चलाउने मियो बनेको राजनीति सङ्लिनु पर्छ । त्यसपछि चिन्ता हैन, चिन्तनको सुन्दर बीउ तमाम देशबासीमा छर्नु पर्छ । एकरातमा एउटा नाइट बसले छिचोल्ने सानो मुलुक बन्न कतिबेर लाग्छ र ? कसैले बनाउन सक्दैन भने उसलाई भत्काउने अधिकार पनि त हुँदैन ।

जीवनबाट बिदा लिनुअघि रावणले रामलाई भनेका थिए- ' उमेरमा म तिमीभन्दा पाको छु । ज्ञान र बलमा पनि अब्बल छु । तिम्रो सुनको घर, मेरो सुनको देश । तपस्या र क्षमतामा पनि कमजोर छैन । देशको आकार तिम्रो भन्दा ठूलो छ । सबै चीजमा उत्कृष्ट हुँदाहुँदै लडाईं जित्न सकिनँ । यसको एउटैका कारण हो- तिम्रो भाइ तिम्रो साथमा छ, मेरो भाइ शत्रुसँग छ ।' खाडी, युरोप, अमेरिका बस्नेदेखि सडक सफा गर्ने सम्मलाई राजनीतिक राप, तापको अनौठो तिर्खा छ । जनताको आम्दानी स्रोत सुक्दै जाँदो छ । घरखेत बाँझा छन् । डोरी लाहुरे, तोरी लाहुरे विदेशी भूमिमा बसेर नेपालप्रति अर्तीको अगाध स्नेह बर्साउन मस्त छन् । एउटा गाउँ नगरपालिकामा अनुवाद भएका छन् । गाउँ समिति हुँदा पचास रुपियाँमा तमाम् हुने काम अहिले रातारात पाँच हजार पुऱ्याइएको छ । काम गर्ने सल्लाहमा विमति भएर नभई बाँडफाँडमा कुरा नमिलेको बाछिटाले जनता आजित भएका हुन् । सपना देख्ने पहिलाका नेतासँग समय भएन, समय भएकासँग नियत भएन । राजा त्रिभुवनलाई त्रास देखाइ दिल्ली भगाएर चारवर्षे बच्चोलाई राजा बनाउनेदेखि लिएर प्रचण्डलाई तिलस्मी देवदूतका रुपमा अवतरण गराई एक दशक बीचमा नाङ्गेझार बनाउन प्रकारान्तरमा एउटै प्रवृत्तिले भूमिका खेलेको छ । नेताहरुको कमजोरीको फाइदा उठाएर स्वार्थीहरुले देशमा फौजी निकायको संख्या लाखौं पुऱ्याइसके । लाख नाघेको निजामती कर्मचारी सत्तरी हजारबाट ओरालो लागिसक्यो ।

यतिका राजनीति उहापोह हुँदा पनि मोटाउनु र सुन्निनु एउटै होइन भन्ने चेत राजनीतिकर्मीहरुमा आएन । फूलपाती लिएर पूजा गर्न जाने कार्यकर्ताहरुको हात शीर्ष नेताहरुको गालामा पुग्दा पनि उनीहरुको कार्यशैलीमा बीसको उन्नाइस सुधार आएन । कथित जनयुद्ध सफल पार्न हजारौंले बलिदान दिएको स्थायी रेकर्ड राखेका माओवादी नेताहरुलाई थाहा छ कि छैन, ती ठाउँका जिल्ला अदालतले गरेको आधा फैसला सम्बन्ध विच्छेदका छन् ।

एमाले, कांग्रेस, माओवादी जस्ले जतिसुकै फूटानी लाएपनि देशको सक्कली अनुहार तथ्याङ्कले देखाउने हो । कोही सत्तामा पुगेर मात्तिनु र कोही प्रतिपक्षीमा पुगेर आत्तिनुले केही फरक पर्दैन । प्रणालीमा कोही आउनु जानुले तात्विक फरक राख्दैन । केपी ओली हार्नु देशको जीवनमा केही होइन । बालेन जित्नु अर्को अध्याय हो । उनी निकम्मा निस्किएका दिन ओलीका पालामा त घर जलाइयो, त्यो दिन मान्छे जलाइयो भने आश्चर्य नमाने हुन्छ । साँचो लोकतन्त्र त त्यो हो, जसले राज्य सञ्चालन प्रक्रियामा जनतालाई थोरै भन्दा थोरै गुनासोको अवसर दिन्छ ।

अलेक्जेण्डर ग्राहम बेलकी पत्नी कान नसुन्ने थिइन् । आफ्नी पत्नीलाई कान सुन्ने बनाउन उनले यन्त्रको आविष्कार गर्न भगिरथ प्रयास गरे । पत्नीको कान खुलाउन त सकेनन बरु उनले टेलिफोनको आविष्कार गरेर विश्वमा चर्चा बटुले । स्कटल्याण्डमा जन्मिएका उनको क्यानडामा मृत्यु भयो । उनको मृत्यु हुँदा विश्वका अधिकांश ठाउँमा एक मिनेट टेलिफोन सेवा बन्द गरिएको थियो । आफन्तका लागि काम गर्दा यसरी सम्पूर्ण मानव सेवा गर्न सकियो भने त्यसले दिने आनन्दबाट मुक्तिको बाटो आफैं खुल्छ ।

मनोरञ्जन

नारी दिवस पारेर "टिका" निर्माण घोषणा, मुख्य भुमिकामा वर्षा र महेश





अन्तर्राष्ट्रिय नारी दिवसको अबसर पारेर फिल्म 'टिका' निर्माण घोषणा गरिएको छ । भविष्य खड्का फिल्मस् प्रालीको प्रस्तुति तथा थर्ड आइ आर्ट्स प्रालीको सहकार्यमा यो फिल्म निर्माण हुन लागेको हो ।

नेपाली समाजमा महिलाले भोग्ने संघर्ष, आत्मसम्मान, अस्तित्व र आत्मनिर्भरताको कथा प्रस्तुत गर्ने उद्देश्यसहित निर्माण हुन लागेको फिल्म शंकर कार्कीले निर्देशन गर्नेछन् । फिल्मले संघर्ष, पराक्रम र नैतिक स्वच्छता कथा उठाउनेछ ।

भविष्य खड्का निर्माता रहेको फिल्ममा अभिनेता महेश त्रिपाठी, अभिनेत्रीद्वय ऋचा शर्मा, वर्षा शिवाकोटी र हाँस्य कलाकार निर्मल शर्मालगायतको अभिनय रहनेछ ।

बाल कलाकार आयुशी ढकालको समेत अभिनय रहने फिल्मका कलाकार र प्राविधिकहरू छनोटको चरणमा रहेको कार्यकारी निर्माता तेजविक्रम केसीले बताए ।

चन्दन झा र निर्देशक कार्कीको कथामा तयार हुने फिल्मको पटकथा रामकुमार श्रेष्ठले लेखेका छन् । फिल्म छिट्टै छायांकन जाने तयारी भैरहेको बताइन्छ ।

विश्व

इरानले आफ्नो भू-भाग र जनतालाई सुरक्षित राख्नेछ : राष्ट्रपति मसउद

इरानी राष्ट्रपति मसउद पेजेश्कियनले आइतबार स्पष्ट रूपमा इरानीहरूले आफ्नो देशको एक इन्च भू-भाग पनि शत्रुहरूले कब्जा गर्न नदिने बताएका छन् । उनले यो कुरा तेहरानमा स्वास्थ्यमन्त्री मोहम्मद-रेजा जाफरघन्दीसँगको बैठकमा साझा गरेका हुन् ।

राष्ट्रपतिका अनुसार, केही शत्रुहरूले उनका शनिबारका पूर्व वक्तव्यलाई गलत अर्थमा लिइरहेका छन् र इरान र छिमेकी राष्ट्रबिच भ्रम सिर्जना गर्ने प्रयास गरिरहेका छन् । उनले भने, "इरान सधैं आफ्नो छिमेकी राष्ट्रसँग शान्तिपूर्ण र भाइचारा पूर्ण सम्बन्ध कायम राख्न इच्छुक छ ।"

पेजेश्कियनले थप स्पष्ट पारे, "यदि कुनै देशको भूमिबाट इरानमाथि हमला हुन्छ भने, हामी आफ्नो देशको सुरक्षा सुनिश्चित गर्न जवाफ दिन सक्छौं । तर यसको अर्थ यो होइन कि हामी ती देश वा जनतासँग विवादमा छौं । हामी ती प्रिय जनतालाई सम्मान गर्दै, जो क्षेत्रीय तनावबाट प्रभावित छन्, क्षमायाचना व्यक्त गर्दछौं ।"

"हालको चुनौतीपूर्ण परिस्थितिमा पनि इरानी जनता एकजुट छन् र आफ्नो देशको



एक इन्च भू-भाग पनि शत्रुहरूले कब्जा गर्न पाउने छैन ।" फेब्रुअरी २८ मा, इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य शहर हरूमा हमला गर्दा सुप्रीम लिडर आयातोल्लाह अली खमेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र सर्वसाधारणको मृत्यु भएको थियो । त्यसपछि इरानले मध्यपूर्वमा अमेरिकी र इजरायली बेसहरूलाई लक्षित गर्दै बहु-लहरका मिसाइल र ड्रोन हमला गरिरहेको छ ।

यस द्वन्द्वले न केवल क्षेत्रीय तनाव बढाएको छ, तर तेल उत्पादन र विश्व ऊर्जा बजारमा असरको चिन्ता पनि उत्पन्न गरेको छ । इरानी संसदका सभापति मोहम्मद बघेर गालिबाफले भने, "युद्ध जारी रह्यो भने पश्चिमी एसियामा तेल उत्पादन र निर्यातमा असर पर्न सक्छ ।" उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका तेल मूल्यसम्बन्धी टिप्पणीको आलोचना गर्दै भने कि मूल्य वृद्धिले पूर्वानुमान विपरित देखाएको छ ।

गालिबाफले थपे, "यदि द्वन्द्व जारी रह्यो भने केवल अमेरिकी मात्र नभई अन्य देशहरूको तेल उत्पादन र निर्यातमा पनि असर पर्न सक्छ । यसले क्षेत्रीय अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्नेछ ।"

न मेयर पद बच्यो, न संसदको प्रवेश गर्ने सपना पूरा भयो

काँक्रेविहार संवाददाता
धनगढी, २४ फागुन

टिकापुर नगरपालिकाका तत्कालीन मेयर रामलाल डगौरा थारुको संसद् जाने सपना पूरा हुन सकेन । मेयर पदबाट राजीनामा दिएर प्रतिनिधि सभा सदस्यका लागि चुनाव लडेका थारु तेस्रो स्थानमा सीमित भएका छन । नागरिक उन्मुक्ति पार्टीबाट टिकापुर नगरपालिकाको मेयर पद जितेका थारुले २०७९ सालको स्थानीय तह निर्वाचनमा ९ हजार ६ सय ८२ मत प्राप्त गरेका थिए ।

उनले नेपाली कांग्रेसका उम्मेदवार नवराज रावललाई पराजित गर्दै मेयर पद जितेका थिए । मेयरका रूपमा टिकापुरको नेतृत्व गरिरहेका थारुले प्रतिनिधि सभा सदस्य बन्ने लक्ष्यसहित पदबाट राजीनामा दिएर चुनावी मैदानमा होमिएका थिए । उनले कैलाली क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिस्ट पार्टीबाट उम्मेदवारी दिएका थिए। प्रतिनिधि सभा सदस्य निर्वाचनमा भने उनले अपेक्षित सफलता पाउन सकेनन् । थारुले जम्मा ८ हजार ३९२ मत मात्रै प्राप्त गरे र तेस्रो स्थानमा सीमित भए ।

कञ्चनपुरका तीनवटै क्षेत्रमा रास्वपाका उम्मेदवार निर्वाचित

काँक्रेविहार संवाददाता
महेन्द्रनगर, २४ फागुन

टिकापुर नगरपालिकाका तत्कालीन मेयर राप्रतिनिधिसभा सदस्यअन्तर्गत कञ्चनपुरका तीनवटै निर्वाचन क्षेत्र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारहरू निर्वाचित भएका छन् । कञ्चनपुर १ मा रास्वपाका जनकसिंह धामी विजयी भए । २४ हजार ३ सय ३२ मतसहित उनी विजयी भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सो क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार बिना मगरले ११ हजार १ सय १०, नेपाली कांग्रेसका उम्मेदवार गोपीप्रसाद उपाध्यायले आठ हजार ४ सय ६७ मत प्राप्त गरे । त्यसैगरी नेकपा (एमाले)का उम्मेदवार तारा लामा तामाङले आठ हजार ८८ मत प्राप्त गरिन् । कञ्चनपुर १ मा कुल ६१ हजार ७४ मत खसेको थियो ।

त्यसैगरी कञ्चनपुर २ मा पनि रास्वपाका दीपकराज बोहरा भारी मतान्तरले विजयी भए । उनले नेपाली कांग्रेसका नारायणप्रकाश साउदलाई पराजित गरेका हुन् । बोहराले ३३ हजार ९ सय ५२ मत प्राप्त गर्दै विजय हासिल गर्दा कांग्रेस उम्मेदवार साउदले १० हजार ८ सय २७ मत प्राप्त गरेको निर्वाचन अधिकृत प्रकाश भण्डारीले जानकारी दिए । त्यसैगरी एमालेका बचनबहादुर सिंह छ हजार ४ सय १८ मत, नेपाली कम्युनिष्ट पार्टीका माधव पन्तले छ हजार ३ सय ३७ मत प्राप्त गरे । यहाँ कुल ६५ हजार ३ सय ४७ मत खसेको थियो । त्यसैगरी कञ्चनपुर ३ मा रास्वपा ज्ञानेन्द्रसिंह महता २७ हजार १ सय १८ मत प्राप्त गरी विजयी भए । यहाँ कांग्रेसका उम्मेदवार हरिप्रसाद बोहराले नौ हजार ४ सय ४३, नेकपा एमालेका उम्मेदवार दीपकप्रकाश भट्टले सात हजार ५ सय ७५ मत प्राप्त गरे । कञ्चनपुर ३ मा कुल ५८ हजार ३ सय ६१ मत खसेको थियो । जिल्लाका तीनवटा क्षेत्रमा निर्वाचित भएका धामी, बोहरा र महता पहिलोपटक सांसद निर्वाचनमा होमिएका थिए ।

प्रत्यक्षमा १४ जना प्रभावशाली महिला निर्वाचित



काँक्रेविहार संवाददाता
काठमाडौं, २४ फागुन

फागुन २१ गते भएको प्रतिनिधि सभा चुनावबाट १४ जना महिला उम्मेदवारहरू निर्वाचित भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट १३ र नेपाली कांग्रेसबाट १ जना महिला प्रत्यक्षतर्फ निर्वाचित भएका हुन् । निर्वाचित हुनेमा ७ जना ४० वर्ष मुनिका युवा छन् । नेपाली कांग्रेसको तर्फबाट एक मात्र महिलाले चुनाव जितिन्। दैलेखबाट बासना थापा निर्वाचित भएकी हुन् । उनी ४५ वर्षकी छिन् । बासना २०७४ मा दैलेखको नारायणी नगरपालिकाको उपप्रमुख उठे पनि एमाले उम्मेदवारसँग पराजित भइन् । पटक पटक गठबन्धन भएका कारण १२ वर्षयता दैलेखमा कांग्रेसले प्रतिनिधि सभामा उम्मेदवारी दिएको थिएन । यसपटक एक्लाएक्लै प्रतिस्पर्धामा होमिएको कांग्रेसले जित हात पारेको हो ।

कोशी प्रदेशबाट रास्वपाका ४ महिला निर्वाचित भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट झापा १ मा २९ वर्षकी निशा डाँगी विजयी भएकी छिन्। उनी यसअघि रास्वपाको तर्फबाट समानुपातिक सांसद थिइन् । साथै रास्वपाबाट सचेतक पनि थिइन् । निशा पत्रकारिता पृष्ठभूमिबाट राजनीतिमा आएकी हुन् ।

झापाको क्षेत्र नम्बर २ बाट ५५ वर्षकी इन्दिरा रानामगर विजयी भइन् । उनी यसअघि समानुपातिक तर्फबाट सांसद भएकी थिइन् भने उपसभामुख पनि भइन्। उनी सन् २०१७ मा बिबिसीको विश्वको प्रभावशाली एक सय महिलाको सूचीमा परेकी थिइन् । जेलभित्रको बालबालिकाको अध्ययन र सुरक्षित आवासका लागि उनले काम गर्दै आएकी छन् । रास्वपाबाट मोरङ ५ मा ४२ वर्षीया आशा झा विजयी भएकी छिन् । उनले शिक्षाशास्त्र संकायमा स्नातक गरेकी छिन्। झाले मधेसी महिलाको अधिकार र सामाजिक न्यायका लागि काम गर्ने गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको वेबसाइटमा उल्लेख छ। उनी मधेसी महिला नागरिक समाजमा समेत सक्रिय रहँदै आएकी थिइन् ।

मोरङ ६ मा नेपाली कांग्रेसका नेता शेखर कोइरालालाई हराउँदै रास्वपाकी ३१ वर्षकी उम्मेदवार रूबिना आचार्य जितिन् ।उनी कोरोना संक्रमणकालमा 'तातो भात' अभियानबाट लोकप्रिय थिइन् । काठमाडौ विश्वविद्यालयबाट एमबिए गरेकी उनले महिला उद्यमशीलता र सशक्तिकरणको क्षेत्रमा काम गर्दै आएकी छन् ।

मधेस प्रदेशबाट रास्वपाका ३ महिला प्रत्यक्ष निर्वाचित भएका छन् । सप्तरी १ बाट ३६ वर्षकी पुष्पाकुमारी चौधरी निर्वाचित भएकी छिन्। उनले मानविकी संकायमा स्नातकोत्तर गरेकी छिन् । उनले सुरक्षित गर्भाधारण र गर्भपतन लगायतका क्षेत्रमा कार्य गर्दै आएकी थिइन् । सर्लाही १ बाट ४३ वर्षकी नितिमा भण्डारी कार्कीले जित हात पारेकी छिन् । उनले रेष्टुरेन्ट व्यवस्थापन, खाद्य प्रविधि र निर्यात तथा आयातका क्षेत्रमा दुई दशक काम गरेकी छिन्। उनले पद्मकन्या कम्याम्पसबाट स्नातक गरेकी छिन् । महोत्तरी ४ बाट ५४ वर्षकी गौरीकुमारी विजयी भएकी छिन् । उनलाई मधेसमा वैकल्पिक राजनीति र परिवर्तनको एजेण्डा अघि बढाउने व्यक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीले परिचय गराएको छ ।

बागमती प्रदेशबाट रास्वपाका ४ महिला प्रत्यक्ष निर्वाचित भएका छन् । धादिङबाट ३६ वर्षकी आशिका तामाङ विजयी भएकी छिन्। उनी जेनजी आन्दोलनका घाइतेलाई सहयोग गरेर चर्चामा आएकी थिइन् । त्यसअघि राजमार्गको सरसफाइका लागि उनले आवाज उठाउँदै आएकी थिइन्। साथै एक रुपैयाँ अभियानमार्फत् दुर्गम क्षेत्रका बालबालिकालाई शिक्षा र कपडा लगायतमा सहयोग गर्दै आएकी थिइन् ।

काठमाडौं १ बाट ३० वर्षकी रन्जु दर्शना न्यौपाने विजयी भइन् । विवेकशील साझा पार्टीबाट वैकल्पिक राजनीति अघि बढाएकी रञ्जु यसअघि काठमाडौं महानगरको मेयर पदमा उम्मेदवार भएकी थिइन् । तर मेयरमा पराजित भएकी थिइन् । ललितपुर ३ बाट ३६ वर्षकी डा. तोसिमा कार्की विजयी भइन्। उनी यसअघि पनि सोही क्षेत्रबाट निर्वाचित भएकी थिइन् । साथै स्वास्थ्य राज्यमन्त्री पनि भएकी थिइन् ।

चितवन ३ बाट ३० वर्षकी सोबिता गौतम विजयी भएकी छिन्। उनी यसअघि काठमाडौं क्षेत्र नम्बर २ बाट निर्वाचित भएकी थिइन्। कानुन विषयमा उनले स्नातकोत्तर गरेकी छिन्। उनी युवा विश्व राजनीतिज्ञ अवार्डबाट सन् २०२३ मा सम्मानित भएकी थिइन् । गण्डकी प्रदेशबाट एक र सुदूरपश्चिम प्रदेशबाट एक गरी २ जना महिला निर्वाचित भएका छन् । गण्डकीको कास्की ३ बाट ५३ वर्षकी बिना गुरूङ विजयी भइन् । उनी रास्वपा कास्कीको कोषाध्यक्ष छिन् । उनी पोखरामा विभिन्न व्यवसाय सञ्चालन गर्छिन् । त्यस्तै सुदुरपश्चिममको कैलाली १ बाट ४७ वर्षीय कोमल ज्ञवाली विजयी भएकी छन् । उनी नागरिक उन्मुक्ति पार्टीमा ३ वर्ष कोषाध्यक्ष थिइन् । उनले विजनेश स्टडीमा स्नातक गरेकी छिन् ।

पत्रकारिता गर्दै राजनीतिमा छिरेका महता अब संसद्मा



काँक्रेविहार संवाददाता
कञ्चनपुर, २४ फागुन

कञ्चनपुर निर्वाचन क्षेत्र नं. ३ प्रतिनिधि सभा सदस्यमा रास्वपाका नेता ज्ञानेन्द्रसिंह महता भारी मतले विजयी भए । महताले निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका हरि प्रसाद बोहरालाई पराजित गर्दै संसदको यात्रा तय गरेका हुन् ।

महता २७ हजार १ सय १८ मत प्राप्त गरी विजयी भएका हुन् जितपछि महताले आफ्नो टिमले चुनावअघि नै यस्तै परिणामको अपेक्षा गरेको बताए । उनी महेन्द्रनगरका बासिन्दा हुन् । उनको पृष्ठभूमि पत्रकारिता हो । महताले रेडियो र टेलिभिजनमार्फत जनताको आवाज उठाउँदै आएका थिए । कञ्चनपुरमा एक सक्रिय पत्रकारका रूपमा उनी आबद्ध थिए । रास्वपा गठनपछि भने उनी पत्रकारिता छोडेर पार्टीमा आए । उनी राष्ट्रिय स्वतन्त्र पार्टी सुदूरपश्चिमका इन्चार्ज हुन् । उनले ड्रागन फ्रुटको खेती गर्दै कृषिमा पनि हात हाले ।

अहिले जनताले उनलाई आफ्नो प्रतिनिधि बनाएर सदनमा पठाएका छन् । 'कतिपयले हामीलाई हावा हुन् भन्थे, हामी हावा होइन, भ्रष्टाचार र विकृतिलाई उडाउन आएको डढेलो हौं,' उनले भने । उनले आफ्नो जितको मुख्य आधार जनताको निराशा र परिवर्तनप्रतिको चाहना भएको बताए ।

चुनावी अभियानका क्रममा उनले थुप्रै कुराको अनुभव बटुले । घरदैलोमा जाँदा जनताले आफूलाई 'जितेर गएपछि फर्किएर आउनुहुन्छ कि हुन्न ? भनेर प्रश्न गरेका महता सुनाउँछन् ।

महताका अनुसार वर्षौंदेखि आश्वासन मात्र पाएका कञ्चनपुर क्षेत्र नम्बर ३ मतदाताहरूले यो पटक न्याय पाउने उनी बताउँछन् ।

'मैले जनताका आँखामा निराशा मात्र देखें । कसैले पनि खुसी भएर हामीले यो पायौं भन्न सकेका थिएनन् । ३५ वर्षसम्म केही नभएपछि हामीले नयाँ बाटो रोज्नुपर्ने अवस्था आएको हो,' उनले भने ।

२६ वर्षपछि कम्युनिस्टको लाल किल्ला भत्काउने स्वाँर

काँक्रेविहार संवाददाता
अछाम, २४ फागुन

विगत २६ वर्षदेखि कम्युनिस्टको पकडमा रहेको अछाम क्षेत्र नं. १ लाई धेरैले लाल किल्लाको उपमा दिने गरेका थिए । यसपटकको प्रतिनिधि सभाको निर्वाचन परिणामले त्यो किल्ला भत्किएको छ। यो किल्ला भत्काउने पात्र हुन् । ७० वर्षीय कांग्रेस नेता भरतकुमार स्वाँर । शनिबार सार्वजनिक मत परिणाम अनुसार स्वाँरले एमालेका पूर्व उपाध्यक्ष तथा प्रभावशाली नेता भीम रावल हाल नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारलाई ५ सय २६ मतान्तरले पराजित गर्दै संसदीय यात्रा तय गरेका छन्। स्वाँरले १० हजार ७ सय ५९ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी रावलले १० हजार २ सय ३३ मतमा चित्त बुझाउनु पऱ्यो। यो जितपछि अछाम-१ मा २६ वर्षपछि नेपाली कांग्रेसको सुखद पुनरागमन गरेको छ । राष्ट्रिय राजनीतिमा भीम रावल जति चर्चामा हुन्छन्, भरत स्वाँर अछामको माटोमा उत्तिकै भिजेका नेता हुन्। वि.सं. २०१२ साल असार २४ गते अछामको रिडीकोटमा जन्मिएका स्वाँरको जीवनको अधिकांश समय अछामकै पाखा-पखेरामा बितेको छ ।

चामुण्डा बिन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

लेकबेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कल्याण, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

काँक्रेविहार राष्ट्रिय दैनिक
सोमवार, २५ फागुन, २०८२
Monday, 9 Mar. 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

शर्मनाक हार्दा पनि कांग्रेसको सातै प्रदेशमा सिट, एमाले-नेकपा ३ प्रदेशमा नील

"नेपाली काँग्रेसले प्रत्यक्षतर्फ १६५ मा १७ सीट मात्र जित्दा कांग्रेस सबै प्रदेशमा निल हुनबाट जोगिएको हो। नेकपा एमाले, मधेस, बागमती र लुम्बिनी प्रदेशमा निल भएको छ।



काँक्रेविहार संवाददाता
काठमाडौं, २४ फागुन

संसदीय निर्वाचनमा शर्मनाक हार ब्यहोरे पनि नेपाली कांग्रेसले सातै प्रदेशको उपस्थितिसहित १७ सिट जितेको छ। प्रत्यक्षतर्फ १६५ मा १७ सीट मात्र जित्दा कांग्रेस सबै प्रदेशमा निल हुनबाट जोगिएको हो। नेकपा एमाले, मधेस, बागमती र लुम्बिनी प्रदेशमा निल भएको छ भने नेकपा कोशी, मधेस र सुदूरपश्चिम प्रदेशमा नील भएको छ। सात प्रदेशमा रास्वपा ६ प्रदेशमा भारी सिटका सात पहिलो भएको छ।

कांग्रेसका निवर्तमान कार्यवहाक सभापति पूर्णबहादुर खड्काको गृह प्रदेश कर्णालीमा कांग्रेसले २०७९ को चुनावभन्दा राम्रो परिणाम निकालेको छ। गत निर्वाचनमा गठबन्धनको बलमा ४ सिट जितेको कांग्रेसले अहिले एक्लै लड्दा पनि ५ सीट जित्न सफल भएको छ। ६ वटा प्रदेश रास्वपामय हुँदा पनि कर्णाली अछुतो देखियो। रास्वपा दुई तिहाइ उन्मुख देखिँदा कर्णालीमा १ सिटमै सीमित भएको छ।

कोशी प्रदेशका २८ निर्वाचन क्षेत्र मध्ये पाँचथर, सोलुखुम्बु र तेह्रथुम गरी ३ सिट जितेको छ।

कांग्रेसबाट पाँचथर नरेन्द्र कुमार केरुङ, तेह्रथुममा सन्तोष सुब्बा र सोलुखुम्बुमा प्रकाश सिंह कार्की निर्वाचित भएका छन्। रास्वपाले १८ र श्रम संस्कृति पार्टीले ३ सिट जित्दा एमालेको ३ मा जित र २ मा अग्रता छ। मधेस प्रदेशमा क्लिनस्वीप गर्न कांग्रेसले रोकेको छ। ३२ वटा निर्वाचन क्षेत्र मध्ये ३० मा रास्वपाले जित्दा रौटहट-२ मा कांग्रेसका फिरदोश आलम निर्वाचित भएका छन्। धनुषा-१ को मतगणना भइरहेको छ।

धनुषा-१ मा रास्वपाका किशोरी साह कमलको उम्मेदवारी खारेज भएपनि चुनाव चिह्न 'घण्टी' मतको ओइरो लागिरहेको छ। उम्मेदवारी खारेजीको निर्णयविरुद्ध रासवपाका उम्मेदवार साह सर्वोच्च अदालत गएकाले निर्वाचन आयोगले अदालतबाट आदेश नहुँदासम्म धनुषा-१ को पत्यक्षतर्फको मतपरिणाम घोषणा नगर्न पत्र पठाएको छ। बागमती प्रदेशका ३३ सिटमा पनि कांग्रेस निल हुनबाट जोगिएको छ। कांग्रेसबाट रसुवामा मोहन आचार्य निर्वाचित भएका छन्।

रास्वपाले २८ क्षेत्रमा जित हात पार्दा नुवाकोट-१ मा अग्रता लिरहेको छ।

बागमती प्रदेशमा एमाले निल हुँदा नेकपाबाट सिन्धुपाल्चोक- २ मा युवराज दुलाल निर्वाचित भएका छन्। गण्डकी प्रदेशका १८ सिटमा रास्वपाले १३ सिट जित्दा मनाङ र मुस्ताङ जितेर कांग्रेस निल हुनबाट रोगिएको छ। नेकपा एमाले र नेकपा भने गण्डकीमा निल भएका छन्।

गोरखा-१ र २ मा रास्वपाको अग्रता बढ्दो छ भने म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन निर्वाचित भएका छन्। महावीर पुनलाई रास्वपाको समर्थन थियो। लुम्बिनीका २६ सिटमा रास्वपाले २० सिट जितिसकेको छ भने बर्दिया-२ मा अग्रता लिरहेको छ।

कांग्रेसबाट पाल्ला-१ मा सन्दीप राना र कपिलवस्तु ३ मा अभिषेश प्रताप शाह निर्वाचित भएका छन्। नेकपाबाट रोल्पामा वर्षमान पुन र रुकुम पूर्वमा पुष्पकमल दाहाल प्रचण्ड निर्वाचित भएका छन् भने एमालेबाट बाँके २ मा मोहमद इश्तियाक राईले लुम्बिनीमा निल हुनबाट जोगाएका छन्। कर्णाली प्रदेशका १२ मा ५ सीट जितेर कांग्रेस पहिलो भएको छ।

कांग्रेसबाट मुगुमा खड्कबहादुर शाही, जाजरकोटमा खड्गबहादुर बुढा, हुम्लामा जयपती रोकाया, दैलेख१ मा बासना थापा र सुर्खेत १ मा विष्णुबहादुर खड्का निर्वाचित भएका छन्। नेकपाबाट कालिकोटमा महेन्द्रबहादुर शाही, सल्यानमा रमेश मल्ल, रुकुम पश्चिममा गोपाल शर्मा र डोल्पामा धनबहादुर बुढा विजयी भएका छन्। कर्णालीमा रास्वपाबाट सुर्खेत-१ मा रमेश कुमार सापकोटा निर्वाचित भएका छन् भने राप्रपाबाट जुम्लामा ज्ञानबहादुर शाही (ज्ञानेन्द्र) निर्वाचित भएका छन्। सुदूरपश्चिमका १६ मा रास्वपाले १० सिट जित्दा कांग्रेसले ३ सिट जितेको छ।

कांग्रेसबाट अछाम-१ मा भरतकुमार स्वार, डोटीबाट भरत खड्का र बाजुराबाट जनक गिरी निर्वाचित भएका छन्। एमालेबाट बझाङमा ऐन महर, दार्चुलामा गणेश ठगुन्ना निर्वाचित भएका छन् भने अछाम-१ मा एमालेको अग्रता छ। सुदूरपश्चिमा नेकपा नील भएको छ भने २०७९ माा ३ सिट जितेको रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी नेपाल शून्य हुन पुग्यो।

गुल्मीका मतदाताको रोजाईमा इन्जिनियर र अधिवक्ता

काँक्रेविहार संवाददाता
काठमाडौं, २४ फागुन

गुल्मीका मतदाताले पूर्णकालीन राजनीतिकर्मीलाई हराएर इन्जिनियर र अधिवक्तालाई प्रतिनिधिसभा सदस्यमा निर्वाचित गरेका छन्। प्रदीप ज्ञवाली, गोकर्ण विष्ट, चन्द्र भण्डारी र सुदर्शन बरालको साटो इन्जिनियर सागर ढकाल र अधिवक्ता गोविन्द पन्थी गुल्मेलीको रोजाइमा परेका हुन्। गुल्मी १ मा ढकालसँग एमालेका नेता तथा पूर्वमन्त्री प्रदीप ज्ञवाली, कांग्रेस नेता चन्द्र भण्डारी, नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वमन्त्री सुदर्शन बराल पराजित भए भने क्षेत्र नं २ मा पन्थीसँग एमाले उपाध्यक्ष एवं पूर्वमन्त्री गोकर्ण विष्ट पराजित भए।



यसपटक ढकाल विजयी भएको क्षेत्र नं १ ज्ञवाली र कांग्रेसका भण्डारीले आलोपालो चुनाव जित्दै आएको क्षेत्र हो। यहाँबाट २०५६ सालको प्रतिनिधि सभा, २०६४ को पहिलो संविधानसभा र २०७४ को प्रतिनिधि सभा निर्वाचनमा ज्ञवाली विजयी भएका थिए। एमालेका प्रभावशाली नेता ज्ञवाली पटक-पटक मन्त्रीसमेत बनेका थिए। त्यस्तै २०७० को दोस्रो संविधानसभा र २०७९ को प्रतिनिधिसभा निर्वाचनमा भण्डारी विजयी भएका थिए। पहिला ३ निर्वाचन क्षेत्र हुँदा तत्कालीन माओवादीका तर्फबाट बराल २०६४ को संविधानसभा सदस्य निर्वाचित भएका थिए भने २०७४ मा प्रदेश सभा सदस्य निर्वाचित भएर सामाजिक विकास मन्त्री बनेका थिए।

निर्वाचित ढकाल २०४८ सालमा गुल्मीको सत्यवती गाउँपालिका-६ मा जन्मिएका हुन्। २०७९ सालको निर्वाचनमा डडेल्धुरा पुगेर पूर्वप्रधानमन्त्री तथा तत्कालीन कांग्रेस सभापति शेरबहादुर देउवासँग प्रत्यक्ष प्रतिस्पर्धा गरेपछि चर्चामा आएका थिए। देउवाले २५ हजार ५ सय ३४ मत ल्याउँदा ढकालले भने १३ हजार ४२ मत ल्याएका थिए। शिक्षा, युवा सशक्तीकरण, विकास र सुशासनका विषयमा बोल्दै आएका ढकाल सन् २०१५ को अमेरिकी राजदूतावास युथ काउन्सिल मेम्बर हुन्।

पन्थीले जितेको गुल्मी २ एमालेका गोकर्ण विष्टले २६ वर्षदेखि चुनाव जित्दै आएको क्षेत्र हो। विष्टले २०५६ को प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७० को संविधानसभा, २०७४ को निर्वाचन, २०७९ को प्रतिनिधिसभामा विजयी भएका थिए। २०६४ को संविधानसभा निर्वाचनमा भने माओवादीका चन्द्रबहादुर थापा सागरसँग पराजित भएका विष्ट चुनाव हारेर पनि ऊर्जामन्त्री बनेका थिए। यस क्षेत्रमा रास्वपा, एमाले र कांग्रेसको निकै कडा प्रतिस्पर्धाका बीच पन्थीले जित निकाले।

विष्टलाई पराजित गरेका पन्थी नेपाल प्रहरीको डीएसपी पदबाट अवकाश प्राप्त हुन्। गुल्मीको मदाने-७ भनभनेमा २०३१ सालमा जन्मिएका पन्थीले प्रहरीबाट अवकाशपछि अधिवक्ताका रुपमा काम गर्दै आएका थिए। प्रहरी सेवामा रहँदा पन्थीले भिजिट भिसा र मानव तस्करीबारे अनुसन्धान गरेका थिए। पन्थीले विष्टलाई ५ सय ६१ मतान्तरले पराजित गर्दै प्रतिनिधि सभा सदस्य निर्वाचित भए।

पन्थीले १६ हजार ९ सय ६७ मत ल्याउँदा विष्टले १६ हजार ४ सय ६ मत ल्याएका छन् भने नेपाली कांग्रेसका भुवनप्रसाद श्रेष्ठले १४ हजार ४ सय ३४ मत पाए। नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार श्रीराम महतले ३ हजार ७८ मत मात्र पाएका छन्।

फागुन २७ गते बिहानसम्म सबै मतगणना भइसक्ने अपेक्षा छः आयोग

काँक्रेविहार संवाददाता
काठमाडौं, २४ फागुन

निर्वाचन आयोगले यही फागुन २७ गते बिहानसम्म सबै मतगणना भइसक्ने अपेक्ष गरेको छ।

आयोगले आइतवार विज्ञप्ति प्रकाशित गरी प्रत्यक्षतर्फ अब १० सिटको मात्रै अन्तिम परिणाम आउन बाँकी रहेको छ।

यस्तै, समानुपातिकतर्फ पनि ५० लाख मतगणना भइसकेको आयोगको भनाई छ।

'हालसम्म प्रत्यक्ष तर्फ १५५ निर्वाचन क्षेत्रको नतिजा घोषणा भइसकेको छ भने बाँकी १० निर्वाचन क्षेत्रको मतगणना जारी छ। सोमवार दिउसो सम्ममा सबै निर्वाचन क्षेत्रको पणरत्यक्ष तर्फको मतगणना सम्पन्न हुने अपेक्षा गरिएको छ' आयोगले भनेको छ, 'समानुपातिकतर्फ खसेको १ करोड ९ लाख मत मध्ये हालसम्म ५० लाख (करीब ४६ प्रतिशत) को मतगणना सम्पन्न भएको छ। पर्सी फागुन २७ गते बिहान सम्म समानुपातिक तर्फको सबै मत गणना भइसक्ने अपेक्षा गरिएको छ।' समानुपातिक तर्फको मतगणना सम्पन्न भएपछि थ्रेसहोल्ड पार गरेका दलहरूले प्राप्त गरेको मतका आधारमा आयोगले सम्बन्धित दलको तर्फबाट निर्वाचित हुने सांसदको संख्या निर्धारण गर्ने छ।

निर्धारित संख्यामा समानुपातिक कलष्टर अनुसारको प्रतिनिधित्व हुने गरी निर्वाचित हुने सांसदको नाम सिफारिस गर्न राजनीतिक दलहरूलाई पत्राचार गर्ने आयोगले जनाएको छ। दलहरूले बन्दसूची भित्रबाट नाम सिफारिस गरे पछि सो नामावली समावेशी कलष्टर बमोजिम मिले नमिलेको रूजु गरी समानुपातिक तर्फका निर्वाचित सांसदको नाम एकिन गरी प्रमाणपत्र उपलब्ध गराउने कार्य गर्नेछ। यही चैत ५ गते भित्र यी सबै काम सम्पन्न गरिसक्ने लक्ष्य सहित आयोगले काम गरिरहेको स्पष्ट पारेको छ।

निर्वाचित...

ल्याए। भने नेपाली कम्युनिस्ट पार्टीका अम्मरबहादुर थापाले जम्मा ४ हजार १ सय ९ प्राप्त गरे। पुराना र अनुभवी नेताहरू रवीन्द्रराज शर्मा र अम्मरबहादुर थापासँग प्रतिस्पर्धा गर्न बासनाका लागि यो चुनाव निकै चुनौतीपूर्ण थियो। रास्वपाबाट उम्मेदवार बनेका बस्नेतसहित यी तीनै जना नेता कुनै बेला एमालेभित्रका सहकर्मी थिए। अहिले फरक-फरक पार्टीबाट चुनावी मैदानमा उत्रिँदा एमालेको मत विभाजित भएको हो, जसको प्रत्यक्ष फाइदा उठाउन कांग्रेस नेतृ बासना सफल भइन्। यता, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का शक्तिबहादुर बस्नेतलाई पराजित गर्दै जाजरकोटमा नेपाली कांग्रेसका खडकबहादुर बुढा निर्वाचित भए। अघिल्ला दुई निर्वाचनमा संघीय संसद्मा प्रत्यक्षतर्फ प्रतिनिधित्व गर्न नपाएको कांग्रेसले यसपटक जिल्लाबाट युवा नेता पाएको हो।

चौथो पटक प्रतिनिधिसभा सदस्य जितको खोजीमा रहेका शक्तिको विजयी यात्रामा खडकले ब्रेक लगाईदिएका छन्। बस्नेत यसअघि चारपटक संघीय सरकारमा मन्त्री समेत भइसकेका छन्। यस पटक जाजरकोटबाट प्रमुख तीन दलको खास शक्ति परीक्षणको निर्वाचनका रूपमा थियो। किनभने २०७४ यता सबै दल एक्लाएक्लै चुनावमा होमिएका थिए। नेपाली कम्युनिस्ट पार्टीबाट बस्नेत उम्मेदवार बन्दा कांग्रेसबाट बुढा र एमालेबाट डम्बरबहादुर सिंह उम्मेदवार थिए।

यसपटकको निर्वाचनमा देशभर रास्वपाको लहर हुँदा पनि जाजरकोटमा भने रास्वपा उम्मेदवारको जमानत समेत जफत भएको छ। कांग्रेसका बुढाले २० हजार १ सय ८२ मत प्राप्त गर्दा दोस्रोमा रहेका नेकपामा बस्नेतले २० हजार १ सय ८२ मत ल्याए। एमालेका सिंहले १६ हजार ८ सय ८३ र रास्वपाका राघव कार्कीले २ हजार ४ सय ७१ मत मात्रै ल्याउन सफल भए। लगातार चौथो जितको खोजीमा रहेका नेकपा उम्मेदवार शक्ति बस्नेतको संसदीय यात्रामा ब्रेक लगाउने खडकबहादुर बुढा नेपाली कांग्रेस जाजरकोटका उपसभापति समेत हुन्। यस्तै, हुम्लाबाट कांग्रेसका उम्मेदवार जयपति रोकाया निर्वाचित भएका छन्। कांग्रेसका रोकाया ८ हजार ७ सय ९६ मत प्राप्त गरेर विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टीका डा दिपेन्द्र रोकायाले ७ हजार २ सय ४३ मत प्राप्त गरे। एमालेका दल फडेराले ४ हजार ३ सय ३१ र रास्वपाका टासी ल्हाजोमले १ हजार मत प्राप्त गरे। त्यस्तै, मुगुमा कांग्रेस उम्मेदवार खड्ग शाहीले ७ हजार ९ सय १४ मत ल्याएर विजयी भएका छन्। उनका प्रतिद्धोन्दी एमालेका पूर्ण बहादुर रोकायाले ६ हजार ७ सय १८ मत, नेकपाका चन्द्र बहादुर शाहीले ५ हजार ५ सय ५८ र रास्वपाका भुवन टमटाले ५ सय ३० मत ल्याउन सफल भए।

नेकपाले...

हजार ६ सय ६१ मत ल्याउँदै नेपाली कांग्रेसका राजु केसी दोस्रो स्थान दर्ज भए।

यता, हिमाली जिल्ला डोल्पामा नेकपा उम्मेदवार धनबहादुर बुढा विजयी भएका छन्। ६ हजार ८ सय २ मत ल्याएर उनी विजयी भएका हुन्। एमालेका उम्मेदवार लंकबहादुर रोकायले ५ हजार ३९६ मत ल्याउँदा कांग्रेस उम्मेदवार कर्णबहादुर बुढाले २ हजार ९ सय ४७ मत प्राप्त गरे। भने रास्वपा उम्मेदवार देवसिंह ऐडीले १ सय ८१ र राप्रपा उम्मेदवार हरि प्रसाद डाँगीले ९२ मत मात्रै प्राप्त गरे।

त्यस्तै, सल्यानबाट नेकपा उम्मेदवार रमेश कुमार मल्ल निर्वाचित भएका छन्। २३ हजार १ सय ८९ मत प्राप्त गरी उनी निर्वाचित भएका हुन्। उनका निकटतम प्रतिद्धोन्दी रास्वपाका ललित कुमार चन्दले २० हजार ९ सय ४ मत प्राप्त गरे।

कांग्रेसका केश बहादुर विष्ट १७ हजार ५ सय ५८ मत र एमालेका गुलाब जंग शाहले १५ हजार ३ सय ७३ मत प्राप्त गर्दा राप्रपा उम्मेदवार अनिषा नेपालीले ९ सय २ मत मात्रै प्राप्त गरेका छन्।

२३ वर्षमै...

गरेका थिए। सो समय उनी पूर्वमन्त्री शिवराज पन्तको समूहसँग मिलेर अभियानमा सक्रिय भएका थिए। विद्यार्थी राजनीतिमा सक्रिय रहँदै उनले नेविसंघको डोटी क्याम्पस इकाई समितिको उपसभापतिको जिम्मेवारी पनि सम्हालेका थिए। उनले २०३९ सालमा स्नातक तह पूरा गरेका हुन्। औपचारिक जनप्रतिनिधिको रूपमा खड्काको यात्रा पनि २०३९ सालबाटै सुरु भयो। त्यही वर्ष भएको गाउँ पञ्चायत निर्वाचनमा उनी २३ वर्षको उमेरमै साविक खिरसैन गाउँ पञ्चायतको प्रधानपञ्चमा निर्वाचित भएका थिए। त्यसपछि उनी जिल्लाको राजनीतिमा निरन्तर सक्रिय रहँदै २०४४ सालमा डोटी जिल्ला पञ्चायतको सभापति बने।

यस पटकको प्रतिनिधिसभा निर्वाचनमा खड्काले १४ हजार ८९७ मत प्राप्त गर्दै विजय हासिल गरे। उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका दीपकबहादुर धामीले १४ हजार १ सय १० मत प्राप्त गरेका थिए। खड्काले धामीलाई ७ सय ८७ मत अन्तरले पराजित गरेका हुन्।

चुनाव जितेपछि खड्काले आफ्नो अनुभव र क्षमता अब संसद्मा देखाउने बताए। 'विगतमा पनि मैलैं संसद् धेरै आवाज उठाएँ, अब अझ् संशक्त रूपमा लाग्ने छु,' उनले भने, 'म तपाईंहरूको हुँ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ **web :** kankrebihar.com, **Email :** ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)